नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं
फोन : ९७७-०१-४२११६६६

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः वि.सं. २०८३/२/२९
नेपाल सम्वत् ११४६

## मस्यौदा उपर राय सुझाव पठाउने सम्बन्धी सूचना

उपर्युक्त विषयमा सहकारी ऐन, २०७४ लाई समसामयिक सुधार गर्न "सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक" को मस्यौदा तर्जुमा गरिएको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनार्थ सर्वसाधारणबाट राय सुझावको लागि उक्त मस्यौदा उपर कुनै राय, सुझाव भएमा यो सूचना प्रकाशन भएको मितिले सातदिनभित्र मन्त्रालयको इमेल ठेगाना cooperative@molcpa.gov.np मा उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै उक्त विधेयकको मस्यौदा मन्त्रालयको वेवसाइट www.molcpa.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

२०८३।२।२९

# सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : सहकारी ऐन, २०७४ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएकोले,

संङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सहकारी (पहिलो संशोधन) ऐन, २०८३० रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सहकारी ऐन, २०७४को दफा २ मा संशोधन** : सहकारी ऐन, २०७४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) "इजाजतपत्र" भन्नाले दफा १६क. बमोजिम प्रदान गरिएको इजाजतपत्र सम्झनु पर्छ।"

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "परिवार" भन्नाले सदस्यको देहायको नाताको व्यक्ति सम्झनु पर्छ :-

(१) पति, पत्नी, छोरा, बुहारी, छोरी, ज्वाईं, धर्मपुत्र, धर्मपुत्र बुहारी, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफैंले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी, दिदी, बहिनी,

(२) पुरूष सदस्यको हकमा निजका बाजे, बज्यै, सासु, ससुरा तथा महिला सदस्यको हकमा निजको सासु, ससुरा, र

(३) दफा ८८ बमोजिम लगातार दुई वर्षसम्म कारोबार नगरी निष्क्रिय रहेको, यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमावली विपरीत कार्य गरेको, लिक्वीडेशन वा खारेजीमा गएको र ऐनको दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यको हकमा अंशवण्डा गरी, मानो छुट्टिई वा सम्बन्ध विच्छेद भई बसेको परिवारको सदस्य।

(३) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

(घ१) "नातेदार" भन्नाले काका, काकी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, मामा, माइजू, भिनाजु, ज्वाईं, भान्जा, भान्जी, साला, साली, जेठान, जेठानी, फुपू, फुपाजु, नातिनी ज्वाईं, भिन्न भएका सासु, ससुरा, दाजु, भाइ, भाउजु, बुहारी र

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं

मदन भुजेल सचिव

निजका एकाघरका सदस्य सम्झनु पर्छ र सो शब्दले आफू सदस्य रहेको सहकारी संस्थामा काम गर्ने कर्मचारीलाई समेत जनाउँछ।"

(४) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ :-

(च१) "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था" भन्नाले सहकारी संस्थाको वासलातमा उल्लेख भएको कुल सम्पत्ति वा कुल दायित्व रकममा संस्थाद्वारा सङ्कलित कुल बचत रकम वा प्रवाह भएको कुल ऋण रकमको अनुपात पचास प्रतिशतभन्दा बढी रहेको सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले कुनै सहकारी संस्थाको वासलातमा पच्चिस करोड रूपैयाँभन्दा बढी रकमको कुल बचत वा कुल ऋण लगानी रहेका सहकारी संस्थालाई समेत जनाउँछ।"

(५) खण्ड (ज) मा रहेका "कम्तीमा तीस प्रतिशत" भन्ने शब्दहरूको सट्टा "कम्तीमा पचास प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(६) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

"(झ) "रजिष्ट्रार" भन्नाले दफा ९२ बमोजिम तोकिएको रजिष्ट्रार सम्झनुपर्छ र सो शब्दले प्रदेश सरकार र स्थानीय तहको प्रचलित सहकारी सम्बन्धी कानूनले रजिष्ट्रार वा दर्ता अधिकारीको कार्य गर्नेगरी तोकिएको अधिकृत कर्मचारीलाई समेत जनाउँछ।"

(७) खण्ड (ठ) मा रहेको "सहकारी" भन्ने शब्द पछि "विषय हेर्ने" भन्ने शब्दहरू थपिएको छ।

३. <u>मूल ऐनको दफा १४ मा संशोधन</u> : मूल ऐनको दफा १४ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) बमोजिम दरखास्त दिँदा सहकारी बैङ्कको हकमा नेपाल राष्ट्र बैङ्कको र बचत तथा ऋण सहकारी संस्थाको हकमा प्राधिकरणको पूर्व स्वीकृतिपत्र समेत संलग्न गर्नु पर्नेछ।"

४. <u>मूल ऐनमा दफा १६क. थप</u> : मूल ऐनको दफा १६ पछि देहायको दफा १६क. थपिएको छ :-

"१६क. <u>इजाजत लिनुपर्ने</u> : (१) दफा १५ को उपदफा (१) बमोजिम दर्ता भई सञ्चालनमा रहेका वा सोही दफाको उपदफा (८) बमोजिम दर्ता भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले यस दफाबमोजिम प्राधिकरणबाट कार्य सञ्चालन इजाजतपत्र (अपरेटिङ लाइसेन्स) लिनु पर्नेछ।"

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं



सचिव

(२) यो अध्यादेश प्रारम्भ हुँदाका बखत उपदफा (१) बमोजिम दर्ता भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सरकारी संस्थाले यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र इजाजतपत्र लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको इजाजतपत्र वार्षिक रूपमा नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको इजाजतपत्रको नवीकरण दस्तुर, इजाजतपत्र प्रदान गर्ने कार्यविधि र मापदण्ड तोकिएबमोजिम हुनेछ।

(५) कुनै इजाजतपत्र प्राप्त सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम विपरीत काम गरेमा वा प्राधिकरणले दिएको निर्देशन पालना नगरेमा वा सदस्यको हित विपरीत काम गरेमा वा प्राधिकरणसमक्ष पेस गर्नुपर्ने आर्थिक तथा कारोबार सम्बन्धी विवरण पेस नगरेमा प्राधिकरणले अवधि तोकी त्यस्तो सहकारी संस्थाको इजाजतपत्र निलम्बन गर्न सक्नेछ।

(६) उपदफा (४) बमोजिम निलम्बनमा रहेको सहकारी संस्थाले निलम्बनको अवधिभर कारोबार गर्न सक्ने छैन।"

५. <u>मूल ऐनको दफा २०क. मा संशोधन</u> : मूल ऐनको दफा २०क. को उपदफा (२) मा रहेका "एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणले निर्धारण गरेको समयावधिभित्र" भन्ने शब्दहरू राखिएका छन्।

६. <u>मूल ऐनको दफा २५ मा संशोधन</u> : मूल ऐनको दफा २५ को खण्ड (ज) मा रहेको "मन्त्रालय," भन्ने शब्द पछि "प्राधिकरण," भन्ने शब्द थपिएको छ।

७. <u>मूल ऐनको दफा ३२ मा संशोधन</u> : मूल ऐनको दफा ३२ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "दुई वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन्।

८. <u>मूल ऐनको दफा ४१ मा संशोधन</u> : मूल ऐनको दफा ४१ को उपदफा (३क) मा रहेको "एक तहको" भन्ने शब्दहरू झिकिएका छन्।

९. <u>मूल ऐनको दफा ५० मा संशोधन</u> : मूल ऐनको दफा ५० को, -

(१) उपदफा (५) पछि देहायको उपदफा (५क.) थपिएको छः-

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं

मदन भुजेल सचिव

"(५क.) यस दफा बमोजिम ब्याजदर गणना गर्दा सन्दर्भ ब्याजदर लागू भएकोमा सोही अनुसार र सन्दर्भ ब्याजदर लागु हुनु भन्दा अगाडिको हकमा लिखतमा उल्लेखित ब्याज दरलाई आधार मान्नुपर्ने र हर्जाना रकम असुल हुन बाँकी ब्याज रकमको पाँच प्रतिशत भन्दा बढी लिन पाइने छैन।

२) उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छ:-

"(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी सङ्घहरूले बचत तथा ऋणको कारोबार गर्न सक्ने छैनन्।

तर यो उपदफा प्रारम्भ हुँदाका बखत बचत तथा ऋणको कारोबार गरिरहेका सहकारी सङ्घहरूले यो उपदफा प्रारम्भ भएको मितिले तीन वर्षभित्र उक्त कारोबार बन्द गर्नु पर्नेछ।"

१०. <u>मूल ऐनको दफा ५१ मा संशोधन</u> : मूल ऐनको दफा ५१ को उपदफा(१) को खण्ड (ङ) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्ड" भन्ने शब्दहरूको सट्टा "प्राधिकरण" भन्ने शब्द राखिएको छ।

११. <u>मूल ऐनको दफा ६८ मा संशोधन</u> : मूल ऐनको दफा ६८ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) प्रचलित लेखामानको व्यवस्था अनुसार नाफा नोक्सान हिसाबमा भूतप्रभावी संशोधन गर्नु परेमा त्यस्तो संशोधनको प्रभाव स्वरूप बचत (नाफा) वृद्धि हुने भएमा सो हदसम्म जगेडा कोषमा समेत संशोधन गर्नु पर्नेछ।"

१२. <u>मूल ऐनको दफा ७० मा संशोधन</u> : मूल ऐनको दफा ७० को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) बमोजिमको कोष र कोषको सचिवालय विभागमा रहनेछ।"

(२) उपदफा (७) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्डको सहअध्यक्ष" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणको अध्यक्ष" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (१०) मा रहेका "विवरण राष्ट्रिय सहकारी विकास बोर्ड समक्ष पेश गर्नु पर्नेछ।" भन्ने शब्दहरूको सट्टा "विवरणको अभिलेख विभागले राख्नु पर्नेछ।" भन्ने शब्दहरू राखिएका छन्।

१३. <u>मूल ऐनको दफा ७३ मा संशोधन</u> : मूल ऐनको दफा ७३ को उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छ :-

नेपाल सरकार भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

मदन भुजेल सचिव

"(१ख) उपदफा (१क) बमोजिम प्रतिवेदन प्रविष्ट भएपछि रजिष्ट्रारले हरेक वर्ष शेयर सदस्य र शेयर रकम उल्लेख गरी संस्था अद्यावधिक गर्नु पर्नेछ।"

१४. <u>मूल ऐनको दफा ८१ मा संशोधन</u> : मूल ऐनको दफा ८१ को,-

(१) उपदफा (१) मा रहेका "बचत तथा ऋणको मुख्य कारोबार गर्ने" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा प्राधिकरण र अन्य सहकारीको हकमा विभागले कर्जा सूचना केन्द्रसँग आवश्यक समन्वय गर्नेछ।

तर प्रदेश वा स्थानीय तहको क्षेत्राधिकार भएका सहकारी संस्थाहरूको हकमा सम्बन्धित प्रदेश वा स्थानीय तहको सहकारी सम्बन्धी कानूनबमोजिम हुनेछ।"

१५. <u>मूल ऐनको दफा ९५ मा संशोधन</u> : मूल ऐनको दफा ९५ को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छ :-

"(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हिसाब जाँच प्राधिकरणले गर्न सक्नेछ।"

१६. <u>मूल ऐनको दफा ९७ मा संशोधन</u> : मूल ऐनको दफा ९७ को सट्टा देहायको दफा ९७ राखिएको छ :-

"९७. <u>बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी विशेष व्यवस्था</u>: (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणले तोके बमोजिमको अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन प्रणालीमा आधारित भई बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण प्राधिकरण वा प्राधिकरणसंगको समन्वयमा विभागले समेत गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्दा बचत तथा ऋण परिचालन मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यकताअनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ।

(४) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको अनुगमन, निरीक्षण तथा

सुपरीवेक्षण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

१७. <u>मूल ऐनको दफा १०१ मा संशोधन</u> : मूल ऐनको दफा १०१ को सट्टा देहायको दफा १०१ राखिएको छ :-

"१०१. <u>निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्यता लिनुपर्ने</u> : (१) यस ऐनबमोजिम बचत तथा ऋणको समेत कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानूनबमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्यता लिई बचत तथा कर्जाको सुरक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सदस्यता लिई बचत तथा कर्जाको सुरक्षण गरेको अद्यावधिक विवरण तयार गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणलाई र अन्य सहकारी संस्थाले विभागलाई उपलब्ध गराउनु पर्नेछ।"

१८. <u>मूल ऐनको दफा १०३ मा संशोधन</u> : मूल ऐनको दफा १०३ को,-

(१) उपदफा (२) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्ड," भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (४) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्ड" भन्ने शब्दहरूको सट्टा "प्राधिकरण" भन्ने शब्द राखिएको छ।

१९. <u>मूल ऐनको दफा १०३ग. मा संशोधन</u> : मूल ऐनको दफा १०३ग. को,-

(१) उपदफा (१) को खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थपिएका छन् :-

"(च) विभागको रजिष्ट्रार -सदस्य

(छ) प्राधिकरणको कार्यकारी निर्देशक -सदस्य-सचिव"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) कार्यकारी निर्देशकको अनुपस्थितिमा प्राधिकरणको वरिष्ठ कर्मचारीले सदस्य-सचिव भई काम गर्नेछ।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) प्राधिकरणको कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।"

२०. <u>मूल ऐनको दफा १०३ज. मा संशोधन</u> : मूल ऐनको दफा १०३ज. को,-

(१) उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) सहकारी संस्थाको ऋण असुलीका लागि आवश्यक सहजीकरण गर्ने वा गराउने।"

(२) उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (ङ), (च), (छ) र (ज) थपिएका छन्:-

"(ङ) निश्चित अवधि तोकी बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न आदेश दिने,

(च) आवश्यकताअनुसार नेपाल प्रहरी लगायतका निकायको सहयोग लिई प्राधिकरणमा उपस्थित गराई कारबाही अघि बढाउने,

(छ) खण्ड (ङ) बमोजिम प्राधिकरणले दिएको आदेशअनुसार बचत रकम फिर्ता नगर्ने वा सो कार्यमा सहयोग नगर्ने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक, कर्मचारी, सम्बन्धित अन्य व्यक्तिको नाममा रहेको चल-अचल सम्पत्ति रोक्का गर्ने र विदेश यात्रामा प्रतिबन्ध लगाउने,

(ज) खण्ड (ङ), (च) र (छ) बमोजिमको प्रक्रिया अवलम्बन गर्दा पनि बचतकर्ताको बचत रकम फिर्ता नगरेमा प्राधिकरणले उक्त बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक, जिम्मेवार कर्मचारी, सम्बन्धित अन्य व्यक्ति वा निजको परिवारका सदस्यलाई प्रचलित कानूनबमोजिम कसूर कायम गरी कारबाही चलाउन सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने।"

(३) उपदफा (८) पछि देहायका उपदफा (९) थपिएको छ:-

"(९) यो ऐन वा यस ऐन अन्तर्गत प्राधिकरणलाई प्राप्त अधिकार प्राधिकरणले अध्यक्ष, सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।"

२१. <u>मूल ऐनको दफा १०४ मा संशोधन</u>: मूल ऐनको दफा १०४ को,-

(१) उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छ:-

"(१ख) उपदफा (१) र (१क) बमोजिम समस्याग्रस्त घोषणाको सिफारिस गर्नु अघि रजिष्ट्रार वा प्राधिकरणले सम्बन्धित सहकारी संस्थाका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, जिम्मेवारी कर्मचारी, लेखा सुपरीवेक्षण समितिका सदस्यहरू, ऋण उपसमिति लगायतका जिम्मेवार व्यक्तिहरू र हिनामिना तथा हानि-नोक्सानीमा संलग्न देखिएका अन्य व्यक्तिहरूको चल अचल सम्पत्ति, कारोबार, बैङ्क खाता, शेयर रोक्का राख्ने तथा ऋण तमसुक, विद्युतीय अभिलेखसमेत नियन्त्रणमा लिई वा रोक्का गरी विदेश यात्रामा समेत प्रतिबन्ध लगाउनु पर्नेछ।"

(२) उपदफा (३) पछि देहायका उपदफा (४) थपिएको छ:-

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं



मदन भुजेल सचिव

"(४) प्रदेश र स्थानीय तहको नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरी कारबाही अघि बढाउने सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश र स्थानीय तहको कानूनबमोजिम हुनेछ र सो बमोजिम त्यस्ता संस्थाहरूको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गर्न गठन हुने व्यवस्थापन समितिबाट ऐनको दफा ११९ बमोजिम माग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।"

२२. <u>मूल ऐनको दफा १०६ मा संशोधन</u>: मूल ऐनको दफा १०६ को,-

(१) खण्ड (ठ) मा रहेको "सञ्चालक, कर्मचारी वा निजका परिवारका सदस्यले" भन्ने शब्दहरूको सट्टा "सञ्चालक, पूर्व सञ्चालक, लेखा सुपरीवेक्षण समिति र उपसमितिका पदाधिकारी, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवार वा नातेदारले" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएको छ :-

"(ड१) आफ्नो कार्य सम्पादनका लागि आवश्यक पर्ने कार्यविधि तथा मापदण्डहरू बनाई लागू गर्ने वा गराउने"

(३) खण्ड (ढ) मा रहेको "सञ्चालक र कर्मचारी वा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको" भन्ने शब्दहरूको सट्टा "सञ्चालक, पूर्व सञ्चालक, लेखा सुपरीवेक्षण समिति र उपसमितिका पदाधिकारी, व्यवस्थापक तथा कर्मचारी वा निजहरूका परिवार वा नातेदार वा अन्य व्यक्तिको" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (ढ) पछि देहायको खण्ड (ण) थपिएको छ:-

"(ण) यस दफा बमोजिम समस्याग्रस्त संस्था वा सङ्घका ऋणीहरूबाट व्यवस्थापन समितिले ऋण असुली गर्ने प्रयोजनका लागि ऋणीहरुलाई शर्त सहित ताकेता गर्ने, ऋणीहरूको तीनपुस्ते विवरण सहितको नामनामेसी सार्वजनिक गर्न, ऋणीहरूको सम्पत्ति तथा कारोवार रोक्का राखी लिलामबिक्री गर्ने, कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने एवं विदेश यात्रामा प्रतिबन्ध लगाउने लगायतका आवश्यक कार्य गर्ने, गराउने।

२३. <u>मूल ऐनको दफा १०८ मा संशोधन</u> : मूल ऐनको दफा १०८ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) समस्याग्रस्त संस्था वा सङ्घसँग कुनै कारोबार वा व्यावसाय गर्नका लागि अग्रिम रूपमा रकम बुझाउने व्यक्तिहरूको भुक्तानी"

२४. <u>मूल ऐनको दफा १०८ख. थप</u> : मूल ऐनको दफा १०८क. पछि देहायको दफा १०८ख. थपिएको छ :-

"१०८ख. चक्रीय राहत कोषको स्थापना : दफा १०८क. को प्रयोजनका लागि दफा ११२क. बमोजिम दावी गरेका समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत फिर्ता गर्ने प्रयोजनका लागि व्यवस्थापन समितिमा नेपाल सरकारले एक चक्रीय राहत कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) सम्बन्धित संस्थाबाट सोधभर्ना बापत फिर्ता भएको रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) बमोजिम प्राप्त हुने रकम व्यवस्थापन समितिले 'क' वर्गको वाणिज्य बैङ्कमा कोषको छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ र सोको छुट्टा-छुट्टै अभिलेख राख्नु पर्नेछ।

(४) कोषको खातामा रहेको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुने छैन।

(५) कोषमा नेपाल सरकारबाट प्राप्त रकमको छुट्टै आम्दानी तथा खर्चको छुट्टै अभिलेख राखी दफा १०८ को उपदफा (१) को खण्ड (क) को प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ।

(६) व्यवस्थापन समितिले कोषमा नेपाल सरकारबाट प्राप्त रकम क्रमशः समस्याग्रस्त संस्थाको अधिकार क्षेत्रमा रहेका ऋणीको चल अचल सम्पति र अन्य स्रोतबाट असुली भई आएको रकमबाट क्रमशः शोधभर्ना गर्दै जानेछ।

(७) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले बनाएको कार्यविधि बमोजिम हुनेछ।"

२५. मूल ऐनको दफा ११० मा संशोधन : मूल ऐनको दफा ११० को सट्टा देहायको दफा ११० राखिएको छ :-

"११०. नेपाल सरकारले रकम उपलब्ध गराउने: (१) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने खर्च त्यस्तो संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोरिने छ।

(२) उपदफा (१) बमोजिमको खर्च संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोर्न नसकिने भएमा सो प्रयोजनका लागि आवश्यक रकम नेपाल सरकारले उपलब्ध गराउन सक्नेछ।"

२६. मूल ऐनको दफा ११५ मा संशोधन : मूल ऐनको दफा ११५ को उपदफा (१) को,-

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१) खण्ड (क) र (ख) मा रहेको "ऋणी" भन्ने शब्दको अघि "सञ्चालक तथा," भन्ने शब्दहरू राखिएको छ।

(२) खण्ड (ख) पछि देहायका खण्ड (ख१) थपिएको छ :-

"(ख१) दोहोरो रोक्का रहेको सहकारी संस्थाको चल अचल सम्पत्ति लिलाम बिक्री, बेचबिखन, दाखिला खारेज तथा रोक्का यथावत राख्ने,"

२७. <u>मूल ऐनको दफा १२५ मा संशोधन</u> : मूल ऐनको दफा १२५ को,-

(१) उपदफा (१), (२) र (३) मा रहेका "रजिष्ट्रारबाट अधिकारप्राप्त" भन्ने शब्दहरूको सट्टामा "प्राधिकरण वा प्राधिकरणबाट अधिकार प्राप्त अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) को खण्ड (छ) मा रहेको "शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी" भन्ने शब्दहरू राखिएको छ।

२८. <u>मूल ऐनको दफा १२९ मा संशोधन</u> : मूल ऐनको दफा १२९ मा रहेको "नेपाल राष्ट्र बैङ्क" भन्ने शब्दहरू पछि "प्राधिकरण," भन्ने शब्द थपिएको छ।

२९. <u>मूल ऐनको दफा १३५ मा संशोधन</u> : मूल ऐनको दफा १३५ को उपदफा (१) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्डको" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणको" भन्ने शब्द राखिएको छ।

३०. <u>मूल ऐनको दफा १४९ मा संशोधन</u>: मूल ऐनको दफा १४९ को सट्टा देहायको दफा १४९ राखिएको छ :-

"१४९. <u>नियम तथा विनियम बनाउन सक्ने</u>: (१) यो ऐन कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमहरूको अधीनमा रही नेपाल सरकारको स्वीकृति लिई प्राधिकरणले आवश्यक विनियमहरू बनाउन सक्नेछ।"

३१. <u>मूल ऐनको दफा १५० मा संशोधन</u> : मूल ऐनको दफा १५० को उपदफा (८) पछि देहायका उपदफा (९) र (१०) थपिएका छन्:-

"(९) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफाबमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरीवेक्षण प्राधिकरणले गर्नेछ।

नेपाल सरकार भूमि व्यवस्था, सहकारी, तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार र स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता, अनुगमन, नियमन सम्बन्धी कार्य सङ्घीय कानून प्रतिकूल नहुने गरी प्रदेश र स्थानीय तहको कानूनबमोजिम हुनेछ।"

३२. <u>मूल ऐनको दफा १५०क.मा संशोधन</u> : मूल ऐनको दफा १५०क. को उपदफा (४) पछि देहायका उपदफा (५), (६), (७) र (८) थपिएका छन्:-

"(५) उपदफा (१) बमोजिम प्रचलित कानूनबमोजिमका निकायबाट जारी भएको निर्देशनको पालना सम्बन्धमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणले तोकेको समयभित्र प्रतिवेदन पेस गर्नु पर्नेछ र सो प्रतिवेदन अध्ययन गरी प्राधिकरणले आवश्यक निर्देशन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम जारी गरिएको निर्देशनको पालना भए नभएको सम्बन्धमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा प्राधिकरणले सघन अनुगमन वा विशेष निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ।

(७) प्राधिकरणले आवश्यक्ता अनुसार विभागसंगको समन्वय र सहभागितामा सघन अनुगमन वा विशेष निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ र प्राधिकरणले आफुमा रहेको अधिकारमध्ये केही अधिकार विभागलाई प्रत्यायोजन गर्न सक्नेछ।

(८) यस दफा बमोजिम सघन अनुगमन वा विशेष निरीक्षण तथा सुपरीवेक्षण गर्दा निर्देशन पालना नभएको पाइएमा प्राधिकरणले प्रचलित कानून बमोजिम कारवाही तथा सँजाय गर्न वा थप अनुसन्धान र कारबाही गर्नुपर्ने भए सम्बन्धित निकायसमक्ष सिफारिस गरी पठाउन सक्नेछ।"

३३. <u>मूल ऐनको दफा १५१ मा संशोधन</u> : मूल ऐनको दफा १५१ को उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छ:-

"(१ख) प्राधिकरणले यो ऐन र यस अन्तर्गत बनेको नियमको अधीनमा रही आफ्नो कार्यसम्पादन गर्नको लागि निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।"

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सहकारी ऐन, २०७४ लाई संशोधन गर्नपर्नाको उद्देश्य र कारण

१. विधेयक तर्जुमा गर्नुपर्नाको कारण (आवश्यकता):

क. कानूनी र नीतिगत कारणः

- संविधानको अनुसूचि ५ बमोजिम सहकारी नियमनका लागि गठित राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई थप प्रभावकारी बनाउन,
- प्राधिकरण र रजिष्ट्रारबीचको कार्यक्षेत्रगत जिम्मेवारीमा देखिएको दुविधा र दोहोरोपना हटाई दुवै निकायको कार्यसम्पादनलाई तत्काल प्रभावकारी बनाउन,
- सहकारी संस्थाहरुलाई दर्ता अधिकारीको कार्यालयमा वार्षिक रुपमा अद्यावधिक हुने र बचत तथा ऋणको मुख्य कारोवार गर्ने सबै सहकारी संस्थाहरुलाई प्राधिकरणमार्फत् सञ्चालन इजाजतपत्र प्रदान गर्ने व्यवस्था गर्न,
- एक वर्षभित्र दोहोरो सदस्यता अन्त्य गरिसक्नुपर्ने र बचत तथा ऋणको मुख्य कारोवार गर्ने सबै सहकारी संस्थाहरु प्राधिकरणमा दर्ता भइसक्नुपर्ने हदम्याद गुज्रेकोमा यसलाई संवोधन गर्न,
- मुख्य कारोवारको परिभाषाले ३०% भन्दा बढीको जतिसुकै कारोवारलाई समेट्दा वित्तीय सहकारी र अन्य सहकारीबीच देखिएको अस्पष्टता हटाउन,
- समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीमा सञ्चालक लगायत सम्बन्धित सबै जिम्मेवार पक्षलाई कारवाहीको दायरामा ल्याउन,
- सहकारीको सम्पत्ति दुरुपयोग र अपचलन गर्ने जोसुकैलाई कानूनी कारवाही दायरामा ल्याउन,
- ऋण असुली कार्यलाई प्रभावकारी बनाउन,
- सहकारी संघहरुले विना इजाजत वित्तीय कारोवार गरिरहेको अवस्थामा रोक लगाउन,
- नेपाल सरकारले चालु आ.व. २०८२/८३ को नेपाल सरकारको नीति तथा कार्यक्रमको बुँदा नं. २३ समस्याग्रस्त सहकारीका साना बचतकर्तालाई तत्काल राहत उपलब्ध गराउन एउटा कोष स्थापना गरिने उल्लेख भएको र बजेट वक्तव्यको बुँदा नं. ६१ मा सहकारीको रकम अपचलन गर्नेको सम्पत्ति लिलामबिक्री गरी प्राप्त हुने रकम बचतकर्तालाई फिर्ता गर्न चक्रीय कोष स्थापनाका लागि बीउ पूँजी को व्यवस्था गरिने उल्लेख भएको। त्यसै गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत एक सय कार्यसूचीहरुको बुँदा नं. ९९ मा साना बचतकर्ताको बचत फिर्ता सय दिनभित्र शुरु गर्ने नीतिलाई कार्यान्वयन गर्न।

ख. अन्तराष्ट्रिय दायित्वः

नेपाल सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा नेपाल ग्रे लिष्टमा परेकोले यसबाट निस्कन सहकारी क्षेत्रको प्रभावकारी सुपरिवेक्षणमा प्राधिकरणलाई केन्द्रित गर्न आवश्यक भएको।

ग. **सर्वोच्च अदालतको फैसला** : मिति २०८२/१०/११ मा नेपाल सरकार र प्रदेश सरकारको नाममा समस्याग्रस्त सहकारी संस्थाका पीडित सदस्यहरुको बचत फिर्ताका लागि यथाशिघ्र पीडित राहत तथा क्षतिपूर्ति संयन्त्र गठन तथा सहकारी ऐन संशोधन लगायतका विषयमा निर्देशनात्मक आदेश भएको: 

२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानवाधिकारको क्षेत्रमा पर्ने प्रभाव

संविधानले सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एक स्तम्भको रुपमा लिएको सन्दर्भमा सहकारीलाई यसका सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नति गर्ने मूल उद्देश्यमा केन्द्रित गर्दै सहकारी क्षेत्रमा भएको वचत तथा ऋण परिचालनको सुरक्षण गरी यस क्षेत्रमा हाल देखिएका समस्या समाधान गर्न सघाउ पुग्ने।

३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव

समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति दुरुपयोग र अपचलन गर्ने जिम्मेवार व्यक्तिहरुको सम्पत्ति लिलामबिक्रीबाट प्राप्त हुने रकमबाट संस्थाका सदस्यको बचत फिर्ता गर्न त्यस्तो रकमबाट सोधभर्ना हुनेगरी तत्काल चक्रीय कोष स्थापना र यसका लागि बीउ पूँजी उपलब्ध गराउने व्यवस्था गरिएको। यसबाट सहकारी क्षेत्रले देशको अर्थतन्त्रमा पुर्याएको सकारात्मक योगदानलाई प्रश्रय दिई सहकारीको आर्थिक तथा वित्तीय व्यवस्थापनको पक्षको नियमन प्रभावकारी हुने।

४. विधेयकको व्यवस्थाबाट दीगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग

सहकारी संस्थाहरु समुदाय आधारित आर्थिक मोडेल भएकाले दीगो विकासका १७ वटै लक्ष्यहरूलाई स्थानीयस्तरमा कार्यान्वयन गर्ने, गरिवी निवारण, असमानता न्यूनिकरण एवं दीगो उत्पादनमा प्रत्यक्ष योगदान पुर्याउने सहकारी क्षेत्रलाई पुनर्व्यवस्थित गर्न सघाउ पुग्ने। दीगो विकासका लागि साझेदारी अन्तर्गत सरकारी, निजी क्षेत्र र सहकारी क्षेत्र मिलेर अर्थतन्त्रमा योगदान पुर्याउन मद्दत पुग्ने।

५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्धनमा पर्ने प्रभाव

सहकारीको जग नै सुशासन, पारदर्शिता र सामूहिक उत्तरदायित्व भएकाले संशोधन विधेयकले स्वनियमन र सहकारी सिद्वान्तको पालनासंगै बचत तथा ऋणको मूख्य कारोवार गर्ने सहकारीहरूलाई प्रभावकारी बाह्य नियमनको व्यवस्थाबाट पारदर्शिता र जवाफदेहिता, सदस्य केन्द्रियता, जोखिम व्यवस्थापन र सहकारीप्रतिको विश्वास पुनर्जागृत गर्न सघाउ पुग्ने। सहकारी संस्थाहरुलाई वार्षिक रुपमा अद्यावधिक गर्ने र बचत तथा ऋण सहकारी संस्थालाई सञ्चालन इजाजतको व्यवस्थाबाट सहकारी क्षेत्र पुनर्व्यवस्थित गर्न सघाउ पुग्ने,

६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग

समुदाय आधारित सहकारी संस्थाहरुबाट जलवायु परिवर्तनका असरहरूलाई स्थानीयस्तरमा सचेतना जगाउन, जोखिम न्यूनिकरण गर्न र आर्थिक रुपले सबल बनाउने गरी सहकारीहरूलाई सहकारी मूल्य, मान्यता र सिद्धान्त अनकूल सञ्चालन गर्ने वातावरण सिर्जना गर्न सघाउ पुर्याउने।

७. अन्य आवश्यक विषयहरु :

एउटै व्यक्ति एक भन्दा बढी संस्थामा सदस्य हुन नपाउने एवं बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी सबै संस्थाहरु प्राधिकरणमा एक वर्षभित्र दर्ता भइसक्नुपर्ने हदम्याद थप गर्ने, परिवार वा नातेदार मार्फत् लगानी गरी सहकारीको सम्पत्ति दुरुपयोग र अपचलन गर्ने जोसुकैलाई कानूनी कारवाहीको दायरामा ल्याउन सकिने गरी परिभाषित गरिएको, सहकारी प्रशासन तथा प्रवर्धन र नियमनबीच स्पष्टता आई कामाकारवाहीमा सहजता आउने, प्राधिकरणको काम, कर्तव्य र अधिकार थप गरिएको, कर्जा सूचना केन्द्र एवं निक्षेप तथा कर्जा सुर्षण कोषलाई कृयाशिल बनाउन एवं वित्तीय कारोवार सञ्चालनको लागि इजाजतपत्र (नविकरण निलम्बन समेत) को व्यवस्थाबाट सहकारी क्षेत्रलाई नियमित र पुनर्व्यवस्थित गर्न सघाउ पुग्ने।